आज मिति २०८१ साल भाद्र ५ गतेका दिन त्रिपुरा सुन्दरी गाउँ कार्यपालिकाको आ.व. २०८१।०८२ को पहिलो बैठक अध्यक्ष श्री भक्त ध्वज बोहराको अध्यक्षतामा तपशिलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयवस्तुमा छलफल गरी निर्णय गरियो।

उपस्थिति:

| क्र.स | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री भक्त ध्वज बोहरा | |
| २ | उपाध्यक्ष | श्री गिता कुमारी नेपाल | |
| ३ | वडा अध्यक्ष | श्री सिताराम थापा | |
| ४ | वडा अध्यक्ष | श्री रमेश राउत | |
| ५ | वडा अध्यक्ष | श्री शिव कुमार कार्की | |
| ६ | वडा अध्यक्ष | श्री टेक बहादुर गुभाजु | |
| ७ | वडा अध्यक्ष | श्री यादप श्रेष्ठ | |
| ८ | वडा अध्यक्ष | श्री रमेश बोहरा | |
| ९ | कार्यपालिका सदस्य | श्री विकास पहरी | |
| १० | कार्यपालिका सदस्य | श्री किरण थामी | |
| ११ | कार्यपालिका सदस्य | श्री स्वस्थानी गुरुङ | |
| १२ | कार्यपालिका सदस्य | श्री ज्ञानी थामी | |
| १३ | कार्यपालिका सदस्य | श्री रमिता वि.क. | |
| १४ | कार्यपालिका सदस्य | श्री देवकी दमाई ( नेपाली ) | |
| १५ | प्र.प्र.अ. (सदस्य सचिव) | श्री जय बहादुर वाईबा | |

**प्रस्तावहरुः**

प्रस्ताव नं. १: अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

प्रस्ताव नं. २: पालिकाको दर रेट स्वीकृत सम्बन्धमा।

प्रस्ताव नं. ३: बजेट सुनिश्चितता सम्बन्धमा।

प्रस्ताव नं. ४: एक वडा एक उत्पादन छनौट सम्बन्धमा।

प्रस्ताव नं. ५: स्थानीय बिदा सम्बन्धमा।

प्रस्ताव नं. ६: आर्थिक सहयोग सम्बन्धमा।

प्रस्ताव नं. ७: निर्णय अनुमोदन सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. १:** गाउँ कार्यपालिकाको मिति २०८०।०३।३१ गतेको कार्यपालिकाको बैठकबाट भएका निर्णय कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो।

**निर्णय नं. २:** त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को लागि यस गाउँपालिकाबाट संचालन हुने विकास निर्माण लगायतका अन्य सेवाहरुको कार्यान्वयनको लागि प्रचलित दर रेटको विश्लेषण गरी तयार गरिएको पालिका दर रेट स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो। साथै सिन्धुपाल्चोक जिल्लाको दररेटको विवरणमा उल्लेख नभएका निर्माण सामाग्रीको हकमा आ.व. २०८१।०८२ को लागि दररेट निर्धारण समितिले काभ्रेपलाञ्चोक तथा काठमाडौं जिल्लाले स्वीकृत गरेको दररेटमा ढुवानी भाडा थप गरी दररेट कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** बागमती प्रदेश सरकार,गाउँपालिका र समुदायको साझेदारीमा सञ्चालन गरिने समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा नम्बर ५ तौथलीमा आलु बालीको स्वीकृत भइ आएकोले उक्त कार्यक्रम सञ्चालनार्थ गाउँपालिकाबाट विविध शिर्षकबाट खर्च गर्ने गरी बजेट सुनिश्चितता गरिने निर्णय गरियो।

**निर्णय नं. ४:** बागमती प्रदेश सरकारको चालु आर्थिक वर्ष २०८१।८२ को समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रममा साझेदारी गर्न तपशिल बमोजिमको वडा छनौट गर्ने एवं उक्त कार्यक्रम कार्यान्वयन गर्न समुदायमा आधारित एक *वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि,* २०८० अनुसार लागत साझेदारी गर्ने सर्वसम्मत निर्णय गरियो।

तपशिलः

| क्र.सं. | छनोट गरिएको वडा | | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. २, चोकटी | पशुपंक्षी तथा मत्स्यजन्य उत्पादन | रेन्बो ट्राउट |
| २ | वडा नं. ६, टेकानपुर | कृषिजन्य बाली | कागती/सुन्तला |

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फिक्कल, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३